तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल
कार्यपालिका वैठक संख्या ६/०७६/०७७ (७१) मितिः २०७६।०५।२८ गते ।

प्रस्तावहरु :

१. "तिलोत्तमा लगानी सम्मेलन-२०७६" सम्बन्धमा ।
२. नगरसभाको मिति तय सम्बन्धमा ।
३. लगानीकर्ताहरुलाई कर छुट र अन्य सुविधा प्रदान गर्ने प्रस्ताव सम्बन्धमा ।
४. कार्यविधि स्वीकृत सम्बन्धमा ।
५. आर्थिक वर्ष २०७५/०७६ को प्रगती समिक्षा सम्बन्धमा ।
६. कार्यक्रममा सहभागिता सम्बन्धमा ।
७. चीन भ्रमण सम्बन्धमा ।
८. प्रेस सल्लाहकारको पारिश्रमिक सम्बन्धमा ।
९. विविध ।
  क) राष्ट्रिय बाल दिवस सम्बन्धमा ।
  ख) न्यू सुपर नमूना रोडा उद्योगको कारोवार फुकुवा सम्बन्धमा ।
  ग) सीप र रोजगार प्रवर्धन कोष (Skill and Employment Fund) स्थापना सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १

- मिति २०७६/०६/०९ गते आयोजना गर्न लागिएको तिलोत्तमा लगानी सम्मेलन-२०७६ सम्बन्धमा नगरपालिकाका विभिन्न मितिमा गठन भएका मूल समिति, उप-समिति, सचिवालय र Economic Policy Incubator बाट सम्मेलनको सहजिकरण गर्नको लागि खटिइ आएका परामर्शदाता श्री शौरभ ढुङ्गानाद्वारा प्रस्तुत हालसम्मको प्रगती विवरण माथि छलफल भयो ।
- लगानी सम्मेलन प्रभावकारी रुपमा सम्पन्न गर्न परामर्शदाता श्री सौरभ ढुङ्गानाले पेश गरेको Quality र Format मा आधारित रही सम्पन्न गर्ने ।
- तिलोत्तमा लगानी सम्मेलन सचिवालयका सह-संयोजक एवं कार्यपालिका सदस्य श्री दुर्गाप्रसाद पाण्डेयले कार्यवाहक नगर प्रमुखको जिम्मेवारी सम्हालेको अवधीको कार्य सम्पादन प्रगति विवरणमाथि छलफल भयो।
- तिलोत्तमा लगानी सम्मेलनलाई तोकिए बमोजिमको गुणस्तर र ढाँचमा सम्पन्न गर्नको लागि तिलोत्तमा लगानी सम्मेलनको सचिवालयमा कार्यरत कर्मचारी र समितिका संयोजक विहान ९

बजे देखि साँझ १८ बजेसम्म उपस्थित रही कार्यसम्पादन गर्ने र कार्यालय समयपछि नियमित रुपमा दिन भरीको कामको समीक्षा गर्दै अर्को दिनको कार्ययोजना बनाउने ।

निर्णय नं. २

- लगानी सम्मेनलका अवसरमा लगानीकर्ताहरुलाई नगरपालिकाबाट प्रदान गरिने सुविधा, कर छुट लगायतका विषयमा छलफल एवं निर्णय गर्नको लागि मिति २०७६।०६।०१ गते दिनको १४ बजे नगर सभा आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.- ३

- लगानी सम्मेलनका अवसरमा MOU गर्ने, लगानीको औपचारिक घोषणा गर्ने उद्योगी एवम् लगानीकर्ताहरुलाई नगरपालिकाबाट प्रदान गरिने सुविधा, कर छुट देहाय बमोजिम निर्धारण गरी २०७६।०६।०१ गतेको नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- ४

- प्रमुख श्री बासुदेव घिमिरेद्वारा प्रस्तुत **"तिलोत्तमा नगरपालिकाले सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६"** अनुमोदन गरियो । जग्गा लिजमा सिफारिस गर्दा हाललाई प्रति कठ्ठा रु. ५०००।- (अक्षेरुपी रु. पाँच हजार) बार्षिक दर र प्रत्येक २/२ वर्षमा १०% वृद्धि गर्ने नीति अवलम्बन गर्ने निर्णय गरियो ।
- प्रमुख श्री बासुदेव घिमिरेद्वारा प्रस्तुत **"दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यविधि, २०७६"** स्वीकृत गरियो ।

निर्णय नं.-५

- तिलोत्तमा नगरपालिका आर्थिक वर्ष २०७५/०७६ को प्रगती समिक्षा मिति २०७६।०६।०१ गते दिनको १४ बजे आव्हान गरिएको नगरसभा सम्पन्न भए लगत्तै नगर सभाका सदस्यहरु समेतको उपस्थितिमा आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं.-६

- नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको शहरी शासकीय पूर्वाधार सुधार आयोजनाले मिति २०७६/०६/०५ गते पोखरामा आयोजना गर्न लागेको Regional Workshop मा नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, ईन्जिनियर श्री प्रदिप वन र वडा नं. १, ६, ७, ८, ९, १०, १३ का वडा अध्यक्ष समेत भाग लिने ।
- International Labor Organization द्वारा मिति २०७६/०५/३० गते काठमाडौमा आयोजना गर्न लागिएको कार्यक्रममा नगर उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीले भाग लिने ।

बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-७

- नगर प्रमुख श्री बासुदेव घिमिरे र उपप्रमुख श्री जगेश्वरदेवि चौधरीले मिति २०७६/०५/१३ गते देखि २०७६/०५/२२ गते सम्म चीनको भ्रमणको भ्रमण प्रतिवेदन माथि छलफल गरी भ्रमणको अवसरमा सिकेका विषयहरुलाई क्रमशः कार्यान्वय गर्दै लैजाने निर्णय गरियो।
- प्रमुख र उप-प्रमुखको मिति २०७६/०५/१३ गते देखि २०७६/०५/२२ गते सम्मको चीन भ्रमणको खर्च रु. २९१७२०।- (अक्षेरुपी दुई लाख एकानब्बे हजार सात सय वीस रुपैया) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.-८

- कार्यपालिकाका मिति २०७४।०६।०२ गतेको निर्णयानुसार नियुक्ति हुन भएका नगर पालिकाका प्रेस सल्लाहाकार श्री वीपी गौतमलाई मासिक ३५,९००।-(अक्षेरुपी रु.पैतिस हजार नौ सय) उपलब्ध गराउने र निजको कार्यविवरण नगरपालिकाले तोके बमोजिम हुने ।

निर्णय नं.-९ (क)

- सुनिश्चित बाल अधिकार : समृद्व नेपालको आधार भन्ने मूल नाराका साथ मिति २०७६/०५/२९ गते बिहान ७:३० बजे आयोजना गर्न लागिएको **"राष्ट्रिय बाल दिवस"** देहाय बमोजिमका कार्यक्रमहरु सहित मनाउने निर्णय गरियो ।
- नगर प्रमुख छात्रवृत्ति पुरस्कार वितरण गर्ने ।
- राष्ट्रिय अपाङ्ग पुर्नस्थापन समाज अनामनगर, काठमाण्डौले उपलब्ध गराएका ह्विवल चियर वितरण गर्ने ।
- राष्ट्रिय साक्षरता दिवसको अवसर (मिति २०७६।५।२२) मा आयोजना गरिएको चित्रकला प्रतियोगिताका प्रतियोगितहरुलाई पुरस्कार वितरण गर्ने ।
- उक्त कार्यक्रममा कार्यपालिका सदस्य एवम् कर्मचारीहरु अनिवार्य रुपमा सहभागी हुने ।

निर्णय नं.-९ (ख)

- तिलोत्तमा-६, हरपुरमा रहेको न्यू सुपर नमूना रोडा उद्योगमा यस कार्यालय अन्तर्गत राजस्व अनुगमन समितिबाट अनुगमन गर्दा उद्योग परिसरमा पोखरी आकारमा खाडल खनी मिस्कट निकालेको देखिएको र यसै सम्बन्धमा कार्यपालिकाबाट स्थलगत अनुगमन गरी सोको पुष्टि समेत भएको तर निजले उत्खनन् गरेको पदार्थको राजस्व नगरपालिकामा दाखिला गरेको नदेखिएकोले सो सम्बन्धमा निजलाई जवाफ पेश गर्न पत्राचार गरेकोमा चित्तबुझ्दो जवाफ प्राप्त नभएको हुँदा अनुगमन समितिबाट जम्मा नगरी उद्योगबाट निकासी गर्न अनुमति दिन नसकिने निर्णय भएकोले निजलाई रु.५,००,०००।- (अक्षेरुपी रु.पाँच लाख) राजस्व जम्मा गर्न लगाई निकासी गर्न अनुमति दिने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिकाको विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक रकमको व्यवस्थापन गर्न सीप र रोजगार प्रवर्धन कोष (Skill and Employment

Fund) स्थापना गर्ने । उक्त कोष स्थापनाका लागि आवश्यक विउँ पूँजी (Seed Money) का लागि २५,०००००।- (अक्षेरुपी रु. पच्चिस लाख) रकम व्यवस्थापन गर्न आगामी नगरसभाबाट पेश गर्ने । Skill for Employment Programme चुनदेवी, काठमाण्डौसँग प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग लिई कोषको प्रवर्धन गर्ने । उक्त कोष परिचालन सम्बन्धी अन्य व्यवस्था कोष परिचालन कार्यविधि बमोजिम हुने निर्णय गरियो ।

बासुदेव घिमिरे
नगर प्रमुख